## मिति २०८२ असार २२ गतेको ६० औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : खर्च प्रगति सार्वजनिक सम्बन्धमा ।

प्रस्ताव नं. ३ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ४ : योजनाको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ५ : निजामती सेवा पुरस्कार सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : रकमान्तर अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : मालपोत तथा नापी कार्यालयको व्ययभार सम्बन्धमा ।

प्रस्ताव नं. ८ : खरिद योजना अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत तथा ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १० : उपभोक्ता समितिबाट संचालित योजना सम्बन्धमा ।

प्रस्ताव नं. ११ : कोशेली घरको सम्झौता रद्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ : बृत्तचित्र निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १३ : सडक हेरालु सम्बन्धमा ।

प्रस्ताव नं. १४ : बेलिब्रिज निर्माण सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. ६०.१ : नगर कार्यपालिकाको मिति २०८२/०३/०९ गतेको ५९ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६०.२ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को असार २१ गतेसम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ८० प्रतिशत र पूँजीगत तर्फ ५१ प्रतिशत गरी समग्रमा ६५ प्रतिशत ) विवरण सार्वजनिक गरियो ।

निर्णय नं. ६०.३ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ६०.४: मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा बजेट विनियोजन भई बोलपत्र प्रक्रियाबाट छनौट भई सम्झौता गरिएका देहाय बमोजिमका योजनाहरुले समयावधि भित्र कार्य गर्न नसकी विभिन्न कारण देखाई म्याद थपका लागि निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा भएको कानूनी व्यवस्था बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

### तपसिल

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाताको विवरण | कार्य सम्पन्न हुन नसकेको कारण | म्याद थप अवधि |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/NCB/2081-82/01, Construction of Bahunepati Thakle Road , Ward no. 12 | M/S Gehendra /Shanti and Ashwin J.V. | वर्षाको कारणबट ग्रामीण सडकहरु अवरुद्ध भई निर्माण सामग्री ढुवानीमा सहजता नभएको | ३ महिना |
| 2 | MMSI/WORKS/NCB/2081-82/08, Upgrading Works of Melamchi Daduwa Amphechaur Bhatamase Dhuseni Sadak , Ward no. 11 | M/S Kapil Nirman Sewa | | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| 3 | MMSI/WORKS/NCB/2081-82/16, Upgrading Works of Banskharka Ward Karayaya Dhaule Sadak, Ward no. 4 | M/S Shubharambha Engineering Construction and Consultant Pvt.Ltd. | | |
| 4 | MMSI/WORKS/NCB/2081-82/17, Upgrading Works of Kauledhovan Ward office Baluwadada Sadak, Ward no. 3 | M/S Shubharambha Engineering Construction and Consultant Pvt.Ltd. | | ४ महिना |
| 5 | MMSI/WORKS/NCB/2081-82/19, Construction of Water Supply Project Melamchi-2 | Bikash Construction and Suppliers Pvt.Ltd. | | ४ महिना |
| 6 | MMSI/WORKS/NCB/2081-82/26, Construction of Boksekhola Kanle Nuwarkhet Sinchai Yojana, Ward no. 1 | M/S Dipjyoti Nirman Sewa Pvt.Ltd. | | ३ महिना |
| 7 | MMSI/WORKS/SQ/2081-82/01, Upgrading Works of tallo Jaisigaun Ghumti hudai Puchhartol Gurung gaun Motorbato, Ward no. 3 | M/S Subas Construction | | ३ महिना |
| 8 | MMSI/WORKS/NCB/2081-82/34, Construction of Thulothakani Ma. vi, Bhawan Nirman, Ward no. 4 | M/S Aabiskar Nirman Pvt.Ltd. | | ३ महिना |

<u>निर्णय नं. ६०.५</u>: मेलम्ची नगरपालिकामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुलाई निजामती सेवा पुरस्कारका लागि सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | कर्मचारीको नाम, थर | क.सं.नं. | पद | तह/श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुधिनराज बुढाथोकी | २०१८०८ | शिक्षा अधिकृत | अधिकृत सातौं | |
| २ | राम कुमार के.सी. | १८६१३९ | शाखा अधिकृत | अधिकृत छैठौं | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६०.६ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा बजेट विनियोजन भई कार्यान्वयन भएका देहाय बमोजिमका योजनाहरुको रकमान्तर अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विनियोजित योजनाको विवरण | बजेट रु. | रकमान्तर गर्नुपर्ने योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | देवीस्थान मन्दिर निर्माण द्धारे टोल, मेनपा १२ | १० लाख | द्धारेटोल स्याङ्तान टोल सामुदायिक भवन संरक्षण, मेनपा ६ | १० लाख |
| २ | बाल विकास सहजकर्ता तलब | ६ लाख | खेलकुद प्रतियोगिता | ६ लाख |
| ३ | विविध सार्वजनिक निर्माण | १५ लाख | विद्युत ट्रान्सफर्मर | १५ लाख |

निर्णय नं. ६०.७ : मालपोत कार्यालयको च.नं. ३६०८ मिति २०८२/०३/१३ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजारमा मालपोत कार्यालय स्थापना गर्ने सन्दर्भमा पत्रमा उल्लेख भएका कार्यालयहरु भए /नभएको सम्बन्धमा र मालपोत कार्यालय स्थापना भएपछि स्थापना भएको आर्थिक वर्षका लागि आवश्यक पर्ने घरभाडा, मसलन्द, फर्निचर लगायतका सम्पूर्ण कार्यालय व्यवस्थापन सम्बन्धी खर्च मेलम्ची नगरपालिकाबाट उपलब्ध हुने वा नहुने सम्बन्धमा लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल गरियो । मेलम्ची नगरपालिका स्थित मेलम्ची बजार, मेलम्ची नगरपालिका, पाँचपोखरी थाङ्पाल गाउँपालिका, हेलम्बु गाउँपालिका र ईन्द्रावती गाउँपालिकाको समेत केन्द्र भाग भएको र यस क्षेत्रका चार वटै पालिकाका स्थानीय सेवग्राहीहरुले सहज रुपमा मालपोत तथा नापी सेवा प्राप्त गर्ने हुँदा मालपोत तथा नापी कार्यालय स्थापना भएको पहिलो वर्षको लागि आवश्यक पर्ने घरभाडा, मसलन्द, फर्निचर लगायतका सम्पूर्ण कार्यालय व्यवस्थापन सम्बन्धी खर्च मेलम्ची नगरपालिकाबाट बेहोर्ने निर्णय गरियो । साथै, पत्रमा लेखि आए बमोजिम यस मेलम्ची नगरपालिका क्षेत्रमा ईलाका प्रशासन कार्यालय नभएको, ईलाका प्रहरी कार्यालय भएको, हुलाक कार्यालय ईकाई संचालनमा रहेको, मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजारमा नेपाल बैंक लि., कृषि विकास बैंक लि., हिमालयन बैंक लि., लक्ष्मी सनराइज बैंक लि., कुमारी बैंक लि. र सिन्धु विकास बैंक लि. संचालनमा रहेको, कार्यक्षेत्रमा समावेश गरिने सबै पालिकाहरुलाई केन्द्र पायक पर्ने भएको व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ६०.८ : आ.व. २०८१/०८२ मा मेलम्ची नगरपालिकाबाट वडा कार्यालयमा विनियोजत बजेटबाट सम्बन्धित वडा कार्यालयले गरेको सम्पूर्ण खरिदका कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै, मेलम्ची नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत खरिद योजना संशोधन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६०.९ : मेलम्ची नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ को दफा ७ को उपदफा (४) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, तालामाराङ लगयातका नदी क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थहरु दीगो र वातावरणमैत्री रुपमा उत्खनन्का लागि पेश गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र उक्त प्रतिवेदनले उल्लेख गरेको देहाय बमोजिमको परिमाण स्वीकृत गरी प्रचलित कानून बमोजिम आ.व. २०८२/०८३ को लागि ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि अनुसूची - २ मा उल्लिखित बोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

साथै, ढुङ्गा, गिट्टी बालुवा उत्खनन्,विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ को उपदफा (५) मा रहेको व्यवस्था बमोजिम आर्थिक वर्षको अन्त्यमा नदी किनार तथा वनक्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी नगरपालिकाले लिलाम बिक्री गर्ने व्यवस्था रहेकोले आर्थिक वर्षको अन्त्यमा स्थलगत रुपमा प्राविधिक टोली खटाई यसरी राखिएको नदीजन्य पदार्थ नाँपजाँच गरी नियमानुसार लिलाम बिक्री गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | प्याकेजको विवरण | वार्षिक रुपमा उत्खनन गर्न सकिने परिमाण (घ.मि) | दैनिक रुपमा उत्खनन गर्न सकिने जम्मा परिमाण (घ.मि.) | प्रति वर्ष उत्खनन गर्न सकिने जम्मा परिमाण (घ.फि.) |
|---|---|---|---|---|
| १ | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका वडा नं. १३ को सिपाघाट स्थित दनुवार गाउँ खोला देखि ए कोन एग्रिगेट क्रसर उद्योग प्रा.लि सम्मको क्षेत्र | ८०७००.२० | २९८.८९ | २८४७१०३.०६ |
| २ | ईन्द्रावती नदी तर्फ ए कोन एग्रिगेट क्रसर उद्योग प्रा.लि. देखि मेलम्ची नगरपालिका वडा नं. १३ स्थित ठुलो खोल्सीसम्मको क्षेत्र | ८०५८० | २९८.४४ | २८४२८६२.४० |
| ३ | ईन्द्रावती नदी तर्फ ठुलो खोल्सी देखि मेलम्ची नगरपालिका वडा नं. १३ को फट्केश्वरसम्मको क्षेत्र | ८०००० | २९६.३० | २८२२४०० |
| ४ | मेलम्ची नगरपालिका वडा नं. १२ को सिन्धुखोला पुल को ५०० मिटर तल माथि | २४३०० | ९० | ८५७३०४ |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | बाहेकको क्षेत्र देखि मेलम्ची नगरपालिका वडा नं. १२ को रक्तमाला क्रसर उद्योग प्रा. लि. सम्मको क्षेत्र | | | |
| ५ | ईन्द्रावती नदी तर्फ फट्केश्वर देखि मेलम्ची नगरपालिका वडा नं. १२ को सिन्धुखोलासम्मको क्षेत्र | ५३७८४ | १९९.२० | १८९७४९९.५२ |
| ६ | ईन्द्रावती नदी तर्फ सिन्धुखोला देखि मेलम्ची न.पा. - १२ को बाहुनेपाटीको पक्की मोटरेवल पुलको ५०० मि. तल फट्टीको क्षेत्रसम्म | ८०९६७.६० | २९९.८८ | २८५६५३६.९३ |
| ७ | ईन्द्रावती नदी तर्फ बाहुनेपाटी देखि मेलम्ची नगरपालिका वडा नं. १२ को ढकाल खहरेसम्मको क्षेत्र | ८०७५० | २९९.०७ | २८४८८६० |
| ८ | ईन्द्रावती नदी तर्फ ढकाल खहरे देखि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित बेली ब्रिजको ५०० मिटर तलसम्मको क्षेत्र | ८०४०१.५० | २९७.७८ | २८३६५६४.९२ |
| ९ | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका वडा नं. १० को खहरे बगर र सहरे दोभान हुँदै सुकौरा बगरसम्मको सार्वजनिक क्षेत्र | ८०८५० | २९९.४४ | २८५२३८८ |
| १० | ईन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि मेलम्ची नगरपालिका वडा नं. ०९ को खाल्डे खोला र मे.न.पा ८ सहितको वारिपारीको क्षेत्र | ८१००० | ३०० | २८५७६८० |
| ११ | मेलम्ची नदी तर्फ मेलम्ची नगरपालिका वडा नं. ११ को फट्टे बस्ती भन्दा माथि देखि मेलम्ची नगरपालिकाको सिमाना तालामाराङ सम्मको वारीपारीको क्षेत्र | ८१००० | ३०० | २८५७६८० |
| १२ | मेलम्ची नगरपालिका - १३ को ढाँडखोलाको मेलम्ची नगरपालिका तर्फको माथिल्लो क्षेत्र मेलम्ची न.पा. वडा नं. १३ | ७७७०० | २८७.७८ | २७४१२५६.०० |
| **जम्मा** | | **८८२०३३.३०** | **३२६६.७९** | **३१११८१३४.८३** |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६०.१० : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा बजेट विनियोजन भई उपभोक्ता समितिहरु गठन भएका र उक्त उपभोक्ता समिति मार्फत हालसम्म पनि योजनाहरुको कार्य सुचारु नभएको हुँदा, यसरी कार्यान्वयनको चरणमा नरहेका सबै योजनाहरुको सम्झौता रद्ध गर्ने निर्णय गरियो । साथै, उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको हकमा उपभोक्ता समितिले हालसम्म सम्पन्न गरेका कार्यहरुको प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गर्ने र उक्त योजनाहरुलाई आगामी आ.व. २०८२/०८३ मा अ.ल्या. नगर्ने निर्णय गरियो ।

निर्णय नं. ६०.११ : मेलम्ची नगरपालिका वडा नं. ११ मेलम्ची बजार स्थित मेलम्ची नगरपालिकाको स्वामित्वमा रहेको कोशेली घर भाडामा दिने सम्बन्धमा मेलम्ची नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी श्री आशा खनाल श्रेष्ठसंग मिति २०८१/०२/२५ गते सम्झौता गरिएकोमा निज आशा खनालले सम्झौताको बुँदा नं. २ मा भएको कानूनी व्यवस्थाको पालना नगरेको एवं मेलम्ची नगरपालिकाको च.नं. २९६१ मिति २०८२/०१/१५ गतेको पत्रबाट निज आशा खनाललाई १५ दिन भित्र एक वर्षको बहाल कर बापत हुन आउने रकम बराबरको 'क' वर्गको बैकबाट जारी गरिएको बैंक जमानत पेश गर्नको लागि पत्राचार गरिएकोमा निर्धारित मितिमा बैंक जमानत समेत पेश नभएको र मिति २०८२ मंसिर देखि २०८२ असार मसान्तसम्मको बहाल कर बापतको रकम समेत प्राप्त नभएको एवं उक्त कोशेली घर प्रयोग बिहिन बनाइएको हुँदा सम्झौताको बुँदा नं. ७ र ८ मा भएको प्रावधान बमोजिम मेलम्ची नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोक र आशा खनाल श्रेष्ठ बीच गरिएको घर भाडा सम्झौता-२०८०/८१ रद्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६०.१२ : मेलम्ची नगरपालिका र वडा कार्यालयबाट आ.व. २०८१/०८२ मा विनियोजन भएको बजेटबाट खर्च हुने गरी विभिन्न परामर्शदाता/कम्पनीहरुबाट निर्माण गरिएका देहाय बमोजिमका बृत्तचित्रहरु यस कार्यपालिका बैठकमा प्रस्तुतीकरण गरियो । आ.व. २०८१/०८२ मा विनियोजित बजेट र स्वीकृत कार्यक्रम बमोजिम यस कार्यालयमा पेश भएका वृत्तचित्रको देहाय बमोजिको बजेट शिर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वृत्तचित्रको विवरण | वृत्तचित्र निर्माण गर्ने कम्पनी/फर्म | भुक्तानी खर्च शिर्षक |
|---|---|---|---|
| १ | सहकारी सम्बन्धी लघु चलचित्र | मता पिता प्रोडक्सन प्रा.लि. | विविध खर्च |
| २ | नगरपालिकाको समग्र वस्तुस्थिति | नेपाल सोसल ई मिडिया | पर्यटन पूर्वाधार विकास |

नगर कार्यपालिकाको कार्यालय मेलम्ची नगरपालिका मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | सहितको वृत्तचित्र | प्रा.लि. | कोष |
| ३ | नगरपालिकाको समग्र वस्तुस्थिति सहितको वृत्तचित्र | सिल्भर स्क्रिन फिल्मस एण्ड मिडिया प्रा.लि. | पर्यटन पूर्वाधार विकास कोष |
| ४ | मेलम्ची न.पा. वडा नं. १, २ र ३ को वृत्तचित्र | गंगादेवी फिल्मस एण्ड एडभरटाइजिङ्ग सर्भिस | वडा कार्यालयको बजेटबाट |
| ५ | वडा नं. १० को वृत्तचित्र | रेडियो मिसन | वडा कार्यालयको बजेटबाट |
| ६ | नगर शिक्षा प्रोफाइल | आजको शिक्षा | शिक्षा, युवा तथा खेलकुद शाखामा विनियोजत बजेटबाट |

निर्णय नं. ६०.१३ : मेलम्ची नगरपालिका अन्तर्गतका सबै वडाहरुमा वर्षाको कारणबाट नगरपालिका देखि वडा कार्यालयसम्म जोड्ने सडक एवं वडाको अन्य मुख्य सडक भत्किन गई वडा कार्यालयसम्म आउने सेवाग्राहीहरुलाई सहज यातायातको सुविधा प्रदान गर्नको लागि मुख्य सडकहरु सुचारु राख्नु पर्ने भएकाले २०८२ श्रावण १ गते देखि २०८२ असोज मसान्तसम्म प्रति सडक हेरालु मासिक रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने गरी वडा कार्यालयको सिफारिसको आधारमा प्रति वडा २ जना सडक हेरालु राखी कामकाज लगाउने निर्णय गरियो ।

निर्णय नं. ६०.१४ : मिति २०७८ साल असार १ गते मेलम्ची र ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट मेलम्ची फट्टे दुबाचौर जोड्ने पक्की मोटरेवल पुल पूर्ण रुपमा क्षति भई हालसम्म पनि उक्त स्थानमा पक्की मोटरेवल पुल निर्माण हुन नसकेको हुँदा वर्षाको समयमा मेलम्ची नगरपालिका, हेलम्बु गाउँपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकाकासम्मका स्थानीय व्यक्तिहरुलाई यातायात सेवामा अत्यन्त कठिनाई उत्पन्न भएकोले मेलम्ची दुबाचौर सडक अन्तर्गत मेलम्ची तथा ईन्द्रावती नदीको उपयुक्त स्थानमा बेलिब्रिज निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो । साथै, बेलिब्रिज निर्माणका लागि व्यवस्थापन खर्च आवश्यक पर्ने भए, सो खर्च समेत यस नगरपालिकाबाट बेहोर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यापालिकाको बैठकमा मिति २०८२-०३-२२ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क्र.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित ) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | अल्छिढुंगा वस्नेत गाउँ सडक स्तरोन्ती | १०००००० | | ६ | प्राविधिक विल अनुसार | सोझै खरिद बिधि(कोटेसन) | आ.सि.सि. ढलान गरि सडक स्तरोन्नती कार्य भएको |
| २ | कर्कले बस्ती संरक्षण योजना | १०००००० | | ६ | प्राविधिक विल अनुसार | सोझै खरिद बिधि(कोटेसन) | ग्याविन वाल निर्माण गरि बस्ती संरक्षण गर्ने कार्य भएको |
| ३ | Upgrading of nuwarkhola-chalisegaun-chardobato road | २४९८६६३.३२ | | ६ | प्राविधिक विल अनुसार | टेण्डर | ग्याविन वाल र प्लम वाल निर्माण, आ.शी.शी ढलान र ह्युमपाईप हाल्ने कार्य गरि सडक स्तरोन्नती भएको |
| ४ | Upgrading Works of Talamarang To Ward Office Road | १९९९६२४८.४१ | | ६ | प्राविधिक विल अनुसार | टेण्डर | वाल निर्माण, सडक आ.सि.सि. ढलान र क्याचपिट सहित ह्युमपाईप हाल्ने कार्य गरि नाली व्यवस्थापन र नेचुरल ग्राभेल हालि सडक स्तरोन्नती गर्ने कार्य भएको |
| ५ | अम्बेटोल ढल व्यबस्थापन तथा चिलाउने धुसेनि सडक योजना | १०००००० | १,०६,६४०।- | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल लगाउने र ह्युमपाईप हालि नाली व्यवस्थापन गर्ने कार्य भएको |
| ६ | पिप्ले आयुर्बेद क्वाटर निर्माण योजना | ९,९९,६३०.२३ | | ४ | प्राविधिक विल अनुसार | सोझै खरिद बिधि(कोटेसन) | मेशनरी वाल उठाई एम.एस. एङगलको पिल्लरमा फाईबर सिमेन्ट बोर्ड बाल लगाई आल्मुनियमको झ्याल ढोका फल्स सिलिङ हालि आयुर्बेद क्याटर भवन निर्माण गर्ने कार्य भएको |
| ७ | प्वालेसिम महादेव मन्दिर योजना | १०००००० | १०६२८६.९६ | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सि. मन्दिर निर्माण जसमा डाँछीअप्पा र झिँगटी प्रयोग गरी फिनिसिङ गर्ने कार्य भएको |
| ८ | खेलकुद मैदान मर्मत योजना | १०००००० | १०६२८६।९६ | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल र मेशनरी वाल लगाई खेलकुद मैदान संरक्षण गर्ने कार्य भएको |

...लिम्ची नगरपालिका
...कार्यपालिकाको कार्यालय
...ची, सिन्धुपाल्चोक
...मती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | अम्बोटे खोला मुहान हुँदै डाँडाखेता गैरी बालाचौर सिंचाई योजना | १५००००० | १५८३५० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कोलोको लेभल मिलाउने वाल निर्माण गरी आ.सि.सी कुलो निर्माण र प्वल निर्माण गर्ने कार्य भएको |
| १० | construction of Jarayatar sanakishan Krishak samuha Bhawan | ४०८५०५१.५ | | ११ | प्राविधिक विल अनुसार | टेण्डर | १ तल्ले भवन को structure निर्माण र प्वम wall |
| ११ | Drinking Water Supply Project at Melamchi Municipality Ward No. 12 | ५९९९९९७.६१ | | १२ | प्राविधिक विल अनुसार | टेण्डर | १७० वटा धारा निर्माण, १ वटा ४४ घ.मी को R.C.C Tank निर्माण, १७ वटा FRC निर्माण, १ वटा Intake निर्माणर pipeline |
| १२ | ढकाल खहरे पार्क निर्माण योजना | २५००००० | २६६८२०.४६ | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | gabion Wall, शौचालय निर्माण, खानेपानी धारा निर्माण, compounding गरी खुल्ला जिम निर्माण |
| १३ | थानाभन्ज्याङ गढी पर्यटकिय पार्क निर्माण-४ | १८०८००० | १९०९२० | | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | mansonry Wall, Flag stone, Pritivina Statue निर्माण |
| १४ | राम्चे पहिरो सिमलबोट पहिरो | ३८८५०० | ४१४६२. | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पहिरा पन्छाएर सडक संचालन |
| १५ | तेर्से मा.वि. फर्निचर व्यबस्थापन योजना | १००००० | | ६ | प्राविधिक विल अनुसार | सोझै खरिद विधि(कोटेसन) | स्कुललाई आवश्यक रहेका बञ्चे लगायत फर्निचर निर्माण कार्य भएको |
| १६ | नगरचक्रपथ हुँदै खडिका मन्दिर सिंडि निर्माण-१० | १०००००० | १०५५६०.२ | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | mansonry Wall, सिडि निर्माण रलिङ सहित |
| १७ | कमेरा खोल्सा पहिरो नियन्त्रण | ५००००० | ५३११०.२ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पहिरो पन्छाएर gabion Wall निर्माण |
| १८ | डुंडे खोला बशिष्टधाम सिंढि निर्माण | ६००००० | ६५७९२.४९ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | mansonary Wall, सिडि निर्माण रेलिंङ सहित |
| १९ | नुवारखोला कृषि तथा पशुपालन फर्म सम्मको सिडि तथा सडक निर्माण | १०००००० | १०७४४८.८२ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | प्लम नाली, humepipe, Masonary wall, सिडि निर्माण |
| २० | नुवार खोला गोठडाँडा कटुञ्जे कृषि सडक स्तरोन्नति | १०००००० | १०६४४८.८१ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | Gabion wall, mansonry wall, Humepi |

ची नगरपालिका
पालिकाको कार्यालय
, सिन्धुपाल्चोक
ती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | पिपलबोट प्रतिष्ठान सडक निर्माण योजना | ३०००००० | ३१७८६६.४८ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | Gabionwall, प्लम wall, R.C.C. Humpepipe, Manhole |
| २२ | बशिष्ट धाम निर्माण डुडेबेशी योजना | १५००००० | १५८९१८.६४ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मन्दिर निर्माण , घण्ट प्रतिक्षालय निर्माण |
| २३ | मेलम्ची बजार बृहत खानेपानी योजना मर्मत संभार योजना | १०००००० | १०५९६१.७२ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | Masonry Wall Gabion Wall घेराबार,cable cross, Washout निर्माण गरी खानेपानि योजना मर्मत |
| २४ | शिव मन्दिर भवन स्तरोन्नती र योग तथा खेलकुद पूर्वाधार निर्माण योजना | १५००००० | १५८४८२.१७ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | योग गर्ने भवन स्तरोन्नती, शौचालय निर्माण, भजन मण्डलि को लागि truss को प्रतिक्षालय निर्माण |
| २५ | जालपादेवी माध्यमिक विद्यालय संरक्षण योजना | ३०७००० | ३२७५९.२ | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | gabion wall, Mansonary wall, HDPE pipe हालि संरक्षण गरिएको |
| २६ | इन्द्रेश्वर महादेव खानिगाउँ हुदैं पाल्चोकी भगवती मन्दिर पर्यटकीय सिडी निर्मान | १८००००० | १९०९६५.३१ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | Masonary Wall, सिडि निर्माण, रेलिंग सहित |
| २७ | कटुञ्जे बहुसास्कृतिक धार्मिक संरक्षण सामुदायिक भवन अधुरो निर्माण-११ योजना | १८००००० | १८९०६८.४१ | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | Brick Wall, plaster, window, Door, fin |
| २८ | construction of bokssekhola kane nuwarkhet sinchai yojana | २६५६१८१ | | १ | प्राविधिक विल अनुसार | टेण्डर | कुलोको लेभल मिलाउन स्तोन मेशनरी वाल निर्माण गरी सोलिङ पि.सि.सि. गरी आ.सि.सि कुलो र कुलो संरक्षणका लागि ग्याविन वाल हाल्ने कार्य भएको |
| २९ | खनायो बोट रोटेडाँडा चियाबारी तपचुली सडक योजना | १५००००० | १५९५४४.४ | २ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | प्लम नाली निर्माण गरी नाली व्यबस्तापन र सडक आर.सि.सि ढलान गर्ने कार्य भएको |
| ३० | श्रीकृष्ण मन्दिर काब्राको बोट योजना | १०००००० | १०६५४५.९४ | २ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सि. स्टक्चरको मन्दिर निर्माण गरी बुट्टा सहित प्लास्टर र कलर गर्ने कार्य भएको |

...म्ची नगरपालिका
...पालिकाको कार्यालय
...ी, सिन्धुपाल्चोक
...ती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | construction of water supply project Melamchi-2 | ४७४२१२२ | | २ | प्राविधिक विल अनुसार | टेण्डर | दुई वटा फेरिसिमेन्ट टयाङ्कि निर्माण, एफ.आर सि. निर्माण र पाईपलाईन बिस्तार गरी एक घर एक धारा निर्माण |
| ३२ | गैराथोक गैराटोल जाने बाटो योजना | १०००००० | | ७ | प्राविधिक विल अनुसार | सोझै खरिद विधि(कोटेसन) | सडक संरक्षण लागी स्टोन मेशनरी वाल निर्माण, क्याचपिट सहित ह्युमपाइप हाली नाली व्यबस्थापन गर्ने कार्य र कटिङ तथा कच्चि नालि बनाउने कार्य भएको |
| ३३ | गोल्मेश्वरी धाम योजना | १०००००० | | ७ | प्राविधिक विल अनुसार | सोझै खरिद बिधि(कोटेसन) | अधुरो भजन गृह स्थलमा ईट्टाको वाल लगाई प्लाष्टर र कलर गरी अघिल्लो भागमा फलामे गृल राख्ने कार्य भएको |
| ३४ | उर्गेन क्षयोखोर्लिङ गुम्बा योजना | १५००००० | १५८४२३.८२ | ८ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | अधुरो गुम्वा भवनमा एक तल्ला आ.सि.सि ढलान गर्ने कार्य, ईट्टाको वाल लगाई प्लाष्टर गर्ने कार्य ईलेक्ट्रि कार्यर झ्यालको ढोकाको चौकोस र खापा हाल्ने कार्य भएको |
| ३५ | रातामाटा शिव मन्दिर निर्माण अधुरो योजना | १५००००० | १५८३९३.९८ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | नर्मल वाल सहित डाछी अप्पा सहित लगाएर आँखिझ्याल, बुट्टा सहितको ढोका, भित्रि भागमा प्लास्टर टायल्स र छानामा झिँगटि हाल्ने कार्य भएको |
| ३६ | सातकन्या मन्दिर घेराबार तथा पूर्वाधार निर्माण | १०००००० | १०५८२६.५१ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ईट्टाको कम्पाउण्ड वाल लगाएर जालिको घेराबार र ढुङगा सिमेन्टको वाल निर्माण गर्ने कार्य भएको |
| ३७ | गोल्मेश्वरी आ.वि. शौचालय निर्माण तथा घेराबार निर्माण योजना | १०००००० | १०५६९५.३८ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ईट्टाको कम्पाउण्ड वाल लगाएर, डोड विएरिङ टाईपको लडिज,जेन्स गरि दुई शौचालय निर्माण गर्ने कार्य भएको |
| ३८ | Upgrading Works of Gairigaun-Sunkhani-Langarche Road | ४३४७२२४२. | | ९ | प्राविधिक विल अनुसार | टेण्डर | सडक कटिङ, ढलान प्लम्ब Drain , मेशिनरि वाल सिलिङ ग्राभेल र ग्याविन ह्युमपाईप निर्माण कार्य भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३९ | Upgrading works of chankhu gufadada mulkharka Road | ९६३४३१९.४ | | ९ | प्राविधिक विल अनुसार | टेण्डर | स्टोन मेशनरी वाल ग्याविन वाल लगाई सडक संरक्षण गरेको, सडक चौडा गर्ने कार्य, रोलर सहित नेचुरल ग्राभेल हाल्ने कार्य र सडक सोलिङ गरि सडक स्तरोन्नती गर्ने कार्य भएको |
| ४० | विद्यालयहरुको माग र आवश्यकतामा आधारित घेराबार भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार | १५०००० | १५९९५.१६ | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कक्षाकोठाहरुमा बत्ति हाल्ने |
| ४१ | १३ नं. को सबै वडा सफा | १०००००० | | १३ | प्राविधिक विल अनुसार | सोझै खरिद बिधि(कोटेसन) | पहिरो पन्छाएर ग्राभेल, सडक सरसफाई निर्माण कार्य भएको |
| ४२ | बतासे मा.वि. भौतिक संसचना निर्माण योजना | १००००० | १०६६२.०१ | ६ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | झ्याल ग्रिल हाल्ने र स्कुलको नेमप्लेट राख्ने गेट निर्माण गर्ने कार्य भएको |
| ४३ | पन्चकन्या आ.वि. विद्यालय निर्माण तथा मर्मत संभार योजना | ३००००० | ३१७२०.५ | ६ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | विद्यालयको पर्खाल संरक्षणका लागि स्टोन मेशनरी वाल लगाउने कार्य भएको |
| ४४ | तालामाराङ मानेभन्ज्याङ बतासे सडक खण्ड पहिरो संरक्षण योजना | ८५७२१५ | ९४१३५.०३ | ६ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणका लागि ग्याविन वाल लगाउने कार्य भएको |
| ४५ | पञ्चकन्या बहुउदेश्यीय सामुदायिक संस्था भवन निर्माण | ५०००००० | ५२८८९३.३९ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | डब्बल टाईबिम सहित आ.सि.सि. फिनिसिङ सहित एक तल्ला निर्माण गरिएको, ३ कोठे फिनिसिङ सहित शौचालय निर्माण गर्ने कार्य भएको |
| ४६ | Construction Works of chamkhu Shantu Park | ११९८५३८.२१ | | ९ | प्राविधिक विल अनुसार | टेण्डर | स्टोन वाल सहित ब्रिक वालको कम्पाउण्ड वाल, प्लास्टर सहित ट्रस पाईप हालि फेनेसिङ वायरको घेरा, भूईमा हेलोगन ब्लक र मुर्ति बनाउनुका साथै स्टोन वालको माने निर्माण कार्य भऐको |

लम्बी नगरपालिका कार्यपालिकाको कार्यालय, लम्बी, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | Upgrading works of Ramche Danda pipaltar sunkhani Gufa Dhanda sadak | १५६५०४४०.४६ | | ९ | प्राविधिक विल अनुसार | टेण्डर | स्टोन मेशनरी वाल ग्याविन वाल लगाई सडक संरक्षण गरेको, सडक चौडा गर्ने कार्य, प्लम वाल र नालि नेचुरल ग्राभेल हाल्ने कार्य र सडक सोलिङ र ढलान, क्याचपिट सहित ह्युमपाईप हाल्ने कार्य गरि सडक स्तरोन्नती गर्ने कार्य भएको |
| ४८ | चण्डेनि खोप केन्द्र योजना | १००००० | | १३ | प्राविधिक विल अनुसार | सोझै खरिद बिधि(कोटेसन) | लोडबेयरिङ शौचालय निर्माण, रिङ हालि शेफ्टी ट्याङ्की र स्टयाण्ड सहित खानेपानी ट्याङ्की राखि शौचालय व्यबस्थापन गर्ने कार्य भएको |
| ४९ | construction of Melamchi Municipality Ward No. 03 community Building | ५६३३४४८ | | ३ | प्राविधिक विल अनुसार | टेण्डर | डब्बल टाईबिम सहित १२ वटा पिल्लर भएको एक स्लाब ढलान र ब्रिक वाल लगाउने साथै प्लाष्टर तथा फिनिसिङ सहित सामुदायिक भवन निर्माण कार्य र शौचालय निर्माण गर्ने कार्य भएको |
| ५० | कालिका आ.वि. किचेन निर्माण योजना | ५००००० | ५३८२०.४४ | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्क्वायर पाईपमा ईट्टा वाल लगाई जस्ताको छाना छायर एक कोठे किचेन निर्माण कार्य भएको |
| ५१ | रोक्रा टोल खानेपानी योजना | १०००००० | १०५६६८.२३ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पानि ट्याङ्की निर्माण-१०M३, FRC निर्माण , २६ वटा धारा निर्माण , पाईपलाईन बिछ्युने तथा खन्नेपुर्ने कार्य भएको |
| ५२ | भोटेचौर झाँक्रि मुर्ती निर्माण योजना | १०००००० | १०५५६८.२५ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पिलरवाला प्ल्याटफर्म निर्माण तथा आ.सि.सि. स्ल्याब निर्माण |
| ५३ | construction of jyamire Shikhapur Sitaladevi Bangaun Nagarcheakrapath Road Melamchi-10 | २१३३२२१४.०७ | | १० | प्राविधिक विल अनुसार | टेण्डर | ग्याविन वाल निर्माण, सडक आ.सि.सि. ढलान, सडक चौडा गरी स्टोन मेशनरी वाल निर्माण र नेचुरल ग्राभेल बिछ्याउने कार्य भएको |
| ५४ | Construction of Melamchi Municipality Ward no.03 | ५६३३४४७.६५ | | ३ | प्राविधिक विल अनुसार | टेण्डर | डब्बल टाईबिन सहित एक तल्ले पक्कि फिनिसिङ सहितको सामायिक भवन निर्माण कार्य भएको र तिन कोठे लोडवेरिङ शौचालय निर्माण कार्य भएको |
| ५५ | मौषमटोल नेपाली टोल सिडि तथा अन्य संरचना निर्माण | ९५०८०० | | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ढिकुरे पाटी सिढी निर्माण, बाटो खन्ने काम भएको |

...नगरपालिका
...पालिकाको कार्यालय
..., सिन्धुपाल्चोक
...ती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५६ | पथ्रपार्क बगैचा निर्माण तथा गोरेटो बाटो निर्माण | ६४२४०० | | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | गोरेटो बाटो तथा सोलिङ निर्माण |
| ५७ | श्री कृष्ण मा.वि. डाँडाकटेरी गोरेटोबाटो निर्माण | ७०८०००. | | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिढी गोरेटो बाटो तथा मेशनरी वाल निर्माण |
| ५८ | पोखरे कोइराला स्वारा सिंडी निर्माण | ४९२०००. | | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिढी तथा गोरेटो बाटो निर्मान |
| ५९ | सिरिसबोट बरकोबोट,वडा कार्यालय, देउराली सिढी निर्माण | ६५०४००. | | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिढी तथा गोरेटो बाटो निर्मान |
| ६० | दनुवार टोल खानी गाउँ सिंढी तथा चौतारी निर्माण | ५८३८००. | | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिढी तथा चौतारि निर्माण |
| ६१ | भञ्याङ देउराली सिढी निर्माण | ५२४४००. | | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिढी निर्माण तथा सोलिङ निर्माण |
| ६२ | फटकशिला सिंढी तथा अन्य संरचना निर्माण | ४९२०००. | | १३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ढलान तथा सिढी निर्माण |
| ६३ | नागथान, चाक्ले दोबाटो सिढी निर्माण | ४९२०००. | | ८ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिढी तथा गोरेटो बाटो निर्माण |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची - २

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/....

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. र मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८२/०८३ को असोज १ गते देखि २०८३ असार मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का विवरण

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट ) | प्रति घ.फि. दर रु. | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | MMSI/2082-83/01 | मेलम्ची नगरपालिका क्षेत्र भित्रको IEE प्रतिवेदनले निर्धारण गरेको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, ढाँडखोला नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | ३१११८१३४.८३ (तीन करोड एघार लाख अठार हजार एक सय चौंतिस दशमलब त्रियासी ) | ७ | २१,७८,२६,९४३।८१ (अक्षरुपी एक्काइस करोड अठहत्तर लाख छब्बिस हजार नौ सय त्रिचालिस रुपैयाँ पैसा एकासी मात्र ) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | १०,०००।– (दश हजार रुपैयाँ मात्र) |

ठेक्का सम्बन्धी शर्तहरु

१. फर्मको हकमा फर्म नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लि., शाखा कार्यालय, मेलम्चीमा रहेको यस कार्यालयको खाता नं. १६८०३००००१००१००००००१ (राजस्व शिर्षक :अन्य प्रशासनिक सेवा शुल्क १४२२९ ) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै, विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखा वा यस कार्यालयको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

२.बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अङ्को ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. शाखा कार्यालय मेलम्चीमा रहेको धरौटी खाता नं. १६८०३०००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३.खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइनेछैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै, बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५.प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २२ औं दिन दिनको १:०० बजे मेलम्ची नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हँसिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६.बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्क प्रथम किस्ता वापत २५ प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत ४० प्रतिशतले हुने रकम र तेस्रो किस्ता बापत ३५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको मू.अ.कर सहितको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै, बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मू.अ.कर रकम समेत यस कार्यालयमा किस्ताको समयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्यकर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

तपसिल

| किस्ता विवरण | किस्ता बुझाउने मिति | किस्ता रकम रु. |
|---|---|---|
| प्रथम किस्ता | ठेक्का स्वीकृत भई ठेक्का सम्झौता हुँदाको बखत | कूल कबोल अंङ्कको २५ % ले हुन आउने रकम |
| दोश्रो किस्ता | २०८२ साल फाल्गुण मसान्तसम्म | कूल कबोल अंङ्कको ४० % ले हुन आउने रकम |
| अन्तिम किस्ता | २०८३ साल असार १५ गतेसम्म | कूल कबोल अंङ्कको बाँकी ३५ % रकम |

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, मेलम्ची

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचिलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

९.ठेक्का अवधि २०८२ असोज १ गते देखि २०८३ असार मसान्तसम्म कायम रहनेछ ।

१०. ठेक्का सम्झौता भए पछि कुनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन । साथै, IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न पाइनेछैन ।

११. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र उत्खनन् तथा बिक्री वितरण गर्नुपर्नेछ ।

१२. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरुको उत्खनन् संकलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

१३. ठेक्का सम्झौतामा उल्लिखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण कार्य मध्यवर्ती क्षेत्र, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइनेछैन ।

१४. नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरिएको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

१५. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१६. बिक्री मूल्य वा शुल्क असूल गर्नुपर्ने दररेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ्ग बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

१७. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवाद्को समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

१८. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा मेलम्ची नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको प्रचलित कानून बमोजिमको ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असूल गर्नेछ ।

१९. नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुन: अर्को स्थानीय तहबाट कर लगाउन पाइनेछैन ।

२०. प्रचलित ऐन, नियम बमोजिम ठेक्कको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

२१. उत्खनन्, संकलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ र शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

२२. सामान्य निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२३. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाइनेछैन ।

२४. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाइएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिइनेछैन ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२५. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैंले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाइनेछैन ।

२६. उत्खनन् गर्दा नजिक रहेको सडक, वन तथा खोलानालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

२७. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माणस्थलबाट दुबै तर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पांइनेछैन ।

२८. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गा धनीको मञ्जुरीनामा लिनुपर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ।

२९. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि सम्झौता अवधिसम्म विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र उत्खनन् एवं संकलन अवधि हुनेछ ।

३०. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमा भित्र रही मात्र प्रयोग गर्नुपर्नेछ ।

३१. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली माल वस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो माल वस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएता पनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३२. उत्खनन् पश्चात काम नलाग्ने भनि छोडिएको निर्मण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३३. साधारण निर्वाहमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३४. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै, कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३५. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री गर्नुपर्नेछ ।

३६. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

३७. मेलम्ची नगरपालिका भित्रका नदीबाट ढुंगा, गिट्टी, बालुवा, निकाली बिक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुलको तल र माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री गर्न कानूनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्शांकन् गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ ।

३८. स्वीकृत नदीक्षेत्रबाट उत्खनन् गरिएको नदीजन्य पदार्थको परिमाणको अभिलेख राखी सोको विवरण दैनिक रुपमा मेलम्ची नगरपालिकामा पेश गर्नुपर्नेछ ।

३९. ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गरिएको सार्वजनिक जग्गाको बहाल बिटौरी शुल्क सम्बन्धित ठेकेदारले नगरपालिकामा छुट्टै दाखिला गर्नुपर्नेछ ।

४०. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा जिल्ला अनुगमन समिति, स्थानीय अनुगमन समिति र मेलम्ची नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

४१. नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र सो सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

४२. ठेक्का सकार गर्ने फर्मले ठेक्का बापत सम्झौता बमोजिमको रकम सम्झौताको समयमा नै बुझाउनु पर्नेछ ।

४३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

४४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल